## बरेङबासी नागरिकहरूलाई गाउँपालिकाको विशेष अनुरोध ।

गाउँपालिकाको बजार अनुगमन समितिबाट विभिन्न समयमा गरिएको बजार अनुगमनका क्रममा गाउँपालिकाभित्र सञ्चालित कतिपय पसल\व्यवसाय सञ्चालकहरूले सम्बन्धित वडामा व्यवसाय दर्ता नविकरणका साथै प्रचलित कानूनी प्रक्रिया पूरा नगरी सञ्चालन गरेको, म्याद गुज्रेको खाद्य तथा गैर खाद्य सामग्रीहरू बेचबिखन गरेको लगायतका कमजोरी देखिएको छ । जसले गर्दा आम उपभोक्ता र बरेङबासी नागरिकहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्ने देखिएको हुँदा तपसिल बमोजिम गर्नु गराउनुहुन अनुरोध गरिन्छ।

### व्यवसाय सञ्चालकहरूले ध्यान दिनुपर्ने कुराहरू:

व्यवसायीहरूले सम्बन्धित वडा कार्यालय र सम्बन्धित निकायमा व्यवसाय दर्ता, नविकरणका साथै आवश्यक प्रक्रिया पूरा गरेर मात्रै व्यवसाय सञ्चालन गरौं ।

स्थानीय, प्रदेश तथा संघीय सरकारलाई तिर्नुपर्ने व्यवसाय कर, राजश्व तथा भ्याट समयमै तिरौं ।

सबैले देख्न सक्ने गरी आफ्नो पसलको नाम सहितको बोर्ड र मूल्यसूचीको व्यवस्था गरौं ।

स्थानीय व्यवसायीहरूले डिलर, घुम्ती व्यवसायी तथा गाडी र अन्य सप्लायर्सहरूबाट सामान खरिद गर्दा अनिवार्य रूपमा उत्पादन र उपभोग्य मिति जाँच गरेर मात्रै खरिद गर्ने र नियमानुसार प्यान तथा भ्याट बिलको प्रयोग गरौं ।

ढक तराजु लगायतका नाप तौलका साधानहरूको नियमित रूपमा सम्बन्धित निकायबाट निरीक्षण तथा नविकरण गराऔं।

खाद्य र गैरखाद्य वस्तुहरू एक अर्कामा मिसिन नपाउने व्यवस्था गरी बिक्री गर्ने व्यवस्था मिलाऔं ।

गाउँपालिका र अन्य निकायबाट समय समयमा हुने बजार अनुगमन कार्यमा सहयोग गरौं ।

गैर खाद्य रङ्गहरूको प्रयोग तथा मिसावट नगरौं ।

म्याद गुज्रेका सामानहरूलाई छुट्टै राख्ने, फिर्ता वा नष्ट गर्ने काम गरौं ।

### उपभोक्ताहरूले ध्यान दिनुपर्ने कुराहरू:

कुनै पनि खाद्य तथा गैर खाद्य सामग्रीहरू खरिद गर्दा अनिवार्य रूपमा सोको उत्पादन मिति र उपभोग्य मिति जाँच गरौं र म्याद गुज्रेका सामान खरिद नगरौं ।

कुनै पनि कारोबार गर्दा अनिवार्य रूपमा बिल माग गरौं ।

सस्तो वा कम मूल्यमा पाइने प्रलोभनमा परी म्याद गुज्रेका खाद्य तथा गैर खाद्य वस्तुहरू प्रयोग नगरौं किनकी यस्ता वस्तुको प्रयोग गर्दा हाम्रो स्वास्थ्यमा प्रतिकूल असर पर्दछ र थप जनधनको क्षति हुन बाट बचौं ।

कुनै पनि पसल\व्यवसायीहरूले म्याद गुज्रेको वा कानून विपरीतको कार्य गरिरहेको भए गोप्य रूपमा सम्बन्धित वडा कार्यालय, प्रहरी वा गाउँ कार्यपालिकाको कार्यालयमा जानकारी गराऔं ।

**पुनश्चः माथि उल्लिखित भए बमोजिम व्यवस्था नगर्ने पसल सञ्चालक वा व्यवसायीहरूलाई प्रचलित कानून बमोजिम कारबाही गरिने व्यहोरा समेत जानकारी गराउँदछौं ।**

**बरेङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुग्दिशिर,बागलुङ**